# बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ५ मितिः २०७४/०४/१८

## भाग-२

## बान्नीगढी जयगढ गाउँपालिका

## बान्नीगढी जयगढ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उदेश्यहरु हाँसिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी बान्नीगढी जयगढ गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने:**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था:**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(३) इजाजतपत्रको अवधि र नवीकरण:**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित गाउँपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

## ४) इजाजतपत्रको खारेजीः

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## ५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्थाः

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

## ६) प्रचलित कानून बमोजिम हुनेः

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## ७) बचाउः

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**अनुसुची-१**
**कार्यविधिको दफा २ को उपदफा (१) संग सम्बन्धित**
**ईजाजतपत्रको लागि दिइने दरखास्त**

**विषयः इजाजतपत्र पाउँ भन्ने बारे ।**

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू**
**बान्नीगढी जयगढ गाउँकार्यपालिकाको कार्यालय**
**जयगढ, अछाम ।**

यस बान्नीगढी जयगढ गाउँपालिकाको कार्यविधि, २०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको**

नामः

ठेगानाः

पोष्ट बक्सः

टेलिफोन नं.: फ्याक्स नंः ईमेलः

**२. फर्म कम्पनीको प्रकृति**

☐ प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ ।

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको अधिकारीक व्यक्तिको**

नाम थरः

ठेगानाः पोष्ट बक्सः

टेलिफोन नं.: फ्याक्स नं.: ईमेलः

**४. फर्म वा कम्पनीको विवरण**

दर्ता नं:                                                     दर्ता मितिः

अधिकृत पूँजी  जारी पूँजीः

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

**५. इजाजतपत्र लिन चाहेको वर्गः (घ) वर्ग**

**६. समूहीकरण हुन चाहेको समूहः**

**७. आर्थिक श्रोतको विवरणः**

| | **रकम** | **वित्तीय संस्था/बैंकको नाम** |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरणः**

क) प्राविधिकः

ख) अप्राविधिकः

ग) अन्यः

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नु पर्नेछ।

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरणः**

| **सि.नं.** | **नाम तथा विवरण** | **दर्ता नं.** | **क्षमता संस्था** | **मूल्य** | **खरिद मिति** | **अन्य व्यहोरा** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरूको कागजाता (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरू चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरणः**

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**११. यस अघि सम्पन्न गरेको कामको विवरण**

करचुक्ता गरेको प्रमाण कागजात

क)

ख)

ग)

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुँझाउला ।

निर्माण व्यवसायीको छाप

दस्तखतवालाको

दस्तखतः

मितिः

द्रष्टव्यः यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको सक्कल कागजात पेश गर्नु पर्नेछ ।

**अनुसूचीः २**

| | | |
|---|---|---|
| १. | नयाँ ईजाजत पत्र दस्तुर | १०,०००/- |
| २. | ईजाजतपत्र नवीकरण दस्तुर (प्रत्येक आ.व.को) | ५,०००/- |
| ३. | विलम्ब शुल्क (वार्षिक नविकरणमा) | २,०००/- |
| ४. | विलम्ब शुल्क (वार्षिक नविकरणमा प्रत्येक आ.व. को चैत्र महिनापछि प्रति वर्ष) | ३,५००/- |
| ५. | ईजाजतपत्र प्रतिलिपी दस्तुर | १,०००/- |
| ६. | ईजाजत पत्रमा फर्मको नाम, किसिम, स्तर आदिको समान्य शंसोधन शुल्क | १,०००/- |

**द्रष्टव्यः** घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्याद भित्र ईजाजतपत्र नवीकरण गराउँदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नु पर्नेछ ।

**अनुसूचीः ३**

**कार्यविधिको दफा २ को उपदफा (१) र दफा (३) को उपदफा (३) संग सम्बन्धित**

**ईजाजतपत्र**

**ईजाजतपत्र नं.** **मितिः**

**बान्नीगढी जयगढ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**जयगढ, अछाम**

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ..................................... कार्यालय भएको ............................................... फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ ।




यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोहि वर्ग लेख्ने

ईजाजतपत्र दिनेको

दस्तखतः

नामः

पदः

मितिः

कार्यालयः

**नाविकरणः**

| **नविकरण गर्ने अधिकारी** | **नवीकरण गरेको मिति** | **नवीकरण बहाल रहने अवधि** | **नवीकरण दस्तुर भौचर नं. र मिति** | **नवीकरण गर्ने अधिकारीको दस्तखत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूचीः ४

| क.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रम को नाम (यदि भएमा) | शेयर (%) | ठेक्काको विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्न पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम<br>ख) सम्झौता मिति<br>ग) ठेक्का अवधि | क) नाम<br>ख) पद<br>ग) हस्ताक्षर<br>घ) छाप | क) थप समय<br>ख) नाम<br>ग) पद<br>घ) हस्ताक्षर<br>ङ) निर्णय मिति<br>च) छाप | क) Variation पछिको Contract Amount<br>ख) Variation को निर्णय गर्ने पदाधिकारीको नाम<br>ग) पद<br>घ) हस्ताक्षर<br>ङ) छाप | क) सम्पन्न रकम<br>ख) सम्पन्न मिति<br>ग) सम्पन्न प्रतिशत<br>घ) नाम<br>ङ) पद<br>च) हस्ताक्षर<br>छ) छाप | क) अन्तिम ठेक्का रकम<br>ख) सम्पन्न मिति<br>ग) नाम<br>घ) पद<br>ङ) हस्ताक्षर<br>च) छाप | |

## अनुसुचीः ५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमताः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरणः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरणः

(क) ट्रिपर/ट्र्याक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्यः**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**आज्ञाले,**

**सागर शाही**

**प्रमुख प्रशासकीय अधिकृत**